# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२८ | २०७६ फागुन ०७ गते बुधबार | 19 February 2020 Wednesday | मूल्य रू. १०/-


## विकासमा छलाङ्ग हान्दैं नरहरिनाथ

मिसन न्यूज

कालिकोट



सडक अनुगम गर्दै नरहरिनाथ गाउँपालिका जनप्रतिनिधि । तस्विर : मिसन न्यूज

जिल्लाको नरहरिनाथ गाउँपालिकाले गाउँपालिकामा संचालन भएका असारे विकासको योजनाहरु समयमै सम्पन्न गर्न अनुगमनलाई कडाई गरेको छ । विकास आयोजना समयमै सक्न गाउँपालिकाले ठेकेदार तथा उपभोक्ता समितिलाई सचेत गराउने अभियान थालेको छ। विगतमा आर्थिक वर्षभित्र विकास आयोजना सक्न मुस्किल भएपछि विकास बजेट फिर्ता गएको भन्दै गाउँपालिकाले यस वर्ष सतर्कता र अनुगमन थालेको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा गाउँसभाबाट विनियोजन गरेका विकास योजनाको कार्यान्वयनलाई तीव्रता दिने र समयमै सक्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी लगायतलाई सचेत गराउन थालेको हो । पालिकाभित्र सञ्चालित सडक, सिँचाइ, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत पूर्वाधारतर्फका योजना तोकिएको समयभित्रै सक्नेगरी विभिन्न समिति र व्यवसायीलाई सचेत गराउन जनप्रतिनिधि र कर्मचारी खटिएका छन । समितिमार्फत काम भइरहेको योजनाको उपभोक्ता समितिलाई सम्बन्धित स्थानमै पुगेर समयमै सक्न सचेत गराइएको गाउँपालिका अध्यक्ष धिर वहादुर विस्टले बताए । 'समितिले काम गर्न समस्या भए त्यसको कारण खोज्नसमेत लागेका छौं,' विस्टले भने, 'समयमै काम नसक्दा एकातिर विकासमा पछि पर्ने, अर्कोतिर बजेट फिर्ता हुने र अर्को वर्ष त्यही योजनालाई बजेट नपर्ने हुन्छ ।' विकासका काम जति छिटो सक्यो उति बजेट बढ्ने भएकोले यो वर्ष सतर्कता अपनाइएको उनले बताए । प्रमुख प्रशासकीय अधिकृत लाल बहादुर मल्लका अनुसार गाउँसभाबाट विनियोजन भएका एक सय पचास योजना मध्ये हालसम्म करिब एक सय योजनाको उपभोक्ता समिति गठन भई सम्झौता भइसकेको छ । सम्झौता भएकामध्ये २५ वटा योजनाको काम सम्पन्न भइसकेको छ । ११० बढी योजना कार्यान्वनयको चरणमा छन । विनियोजन भएकामा एक सय बढि सम्झौता भई ८० वटा कार्यान्वयनको चरणमा छन । ठूला योजनामध्ये एउटा सम्पन्न भइसकेको छ । पाँचदेखि १० लाख बजेटसम्मका ३० योजना छन । तीमध्ये २३ वटा योजनाको सम्झौता भएर काम अघि बढेको छ । अरु १९ योजना कार्यान्वयनका लागि सम्झौता भएका छनरु।अहिले साउन भित्रै सम्झौता गराउन ताकेता गर्दा समयमै योजना सम्पन्न हुने विश्वास लिएका छौ । प्रदेश र संघ मार्फत आएका ठुला योजनाहरु ढिलो आएकाले

बाँकी ८ पेजमा.....

## यातायात सञ्चालन हुँदा स्थानीय हर्सित

लिलाराज संज्याल

कालिकोट



थिर्पु स्थित कर्णाली नदिको घाटाचौरमा स्थानीय प्रविधिमा स्थानीय गाडी तार्दै । तस्विर : मिसन न्यूज

जिल्लाको पलाँता गाउँपालिकाले साझा पलाँता यातायात सन्चालन गर्दा स्थानीय हर्सित भएका छन् । पलाँती वासिको पिठिउँको नुनको भारि बोक्ने दुःख हटाउने हेतुले साझा यातायात सन्चालनमा ल्याएको हो । पलाँताको थिर्पु देखि वडा नं २ को लार्प सम्म १४ किलोमिटर अशोक मार्ग को उद्घाटन गरि साझा यातायात चलेको छ । पलाँतालाई प्रदेश सरकार,केन्द्रीय सरकार, जिल्ला समन्वय समिति लगायत पाटिले पृथक ठाउँमा राखेको पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मण बम (पलाँती कान्छा)ले बताए ।

पलाँता सधै भोट वैंक मानिने पलाँता अब भोट बैंक नहुने गाउँपालिका अध्यक्ष बमले बताए । पलाँता गाउँपालिकाले धेरै कुरा सिकाएको छ । पलाँतामा हिजो सिकेर गथ्यो भने अब सिकायर अगघ वढ्ने पलाँता गाउँपालिका अध्यक्ष बमले बताए । पलाँताको थिर्पु देखि लार्प सम्म २ वटा साझा यातायमत चल्छन भने २ वटा साझा यातायात पलाँता गाउँपालिका ५,६ खिन चल्ने भएको छ । खिनको लागि गाडी अबको १ महिनामा खिनमा रोडको पहुँच पुग्ने छ । कर्णाली नदिमा न पुल छ नत फेरी नै तर पनि गाउँपालिकाले तेलका खालि ड्रममाथि काठ बाधेर काठमाथि गाडि राखेर दुईवटा गाडि पारी तारेको हो ।

पलाँतामा हालसम्म करीव १५ करोड बराबरको लगानीमा २९ किलोमिटर सडक गाडी गुडाउन सकिने गरी ट्रयाग खोलिएको छ । गाँउपालिका स्थित बेल्के ढुंगा, मोहर, सैन, पुलाहा हुँदै राडुनेटा जोड्न सडकको ११ किलोमिटर, थिर्पु बेरसैनकोट सडक खण्डको ५ किलोमिटर, ओदी काँध छलाँहा सडक खण्डको ११ किलोमिटर र सैन हुँदै गाँउपालिकाको केन्द्र लोहोडे सडक खण्डको २ किलोमिटर सडकमा गाडी चलाउन सकिने गाउँपालिका उपाध्यक्ष दाना न्यौपानेले बताईन । यसले पलाँताका ८० प्रतिशत घरधुरीहरुलाई यातायात सेवा उपलब्ध हुनेछ ।

गाउँपालिकाले सुरुवातमा चार वटा गाडी खरीद गरी २ वटा जुम्लाको ओदीदेखी पलाँताको खीनको जाँफ्यसम्म संचालन गर्ने र २ वटा गाडी पलाँता गाँउपालिका थिर्पुदेखी राडुनेटा लार्फ सम्म संचालन गर्ने पलाँता गाउँपालिका उपाध्यक्ष

बाँकी ८ पेजमा.....

## झोलुङ्गे पुल जिर्ण

कालीकोट- जिल्लाको खाडाचक्र नगरपालिका र नरहरिनाथ गाउँपालिका जोड्ने कर्णाली नदि जितेबजारमा रहेको झोलुङ्गे पुल जिण बनेको छ । झोलुङ्गे पुलमा रहेको जाली च्यातिएपछि कुनै पनि निकायले मर्मतका लागि ध्यान नदिँदा अहिले पुल जिर्ण बनेको हो । खाडाचक्र नगरपालिका र नरहरिनाथ गाउँपालिका जोड्ने उक्त पुलमा लगाइएको फलामेजाली च्यातिएपछि यहाँ हिड्ने नागरिकहरु जोखिम मोलेर यात्रा गर्न बाध्य भएका छन् । दैनिक सयौको संख्यामा नागरिकहरुले वारपार गर्ने गरेका छन् भने पाँच सयभन्दा बढी मोटरसाईकहरुले यो पुल भएर कर्णाली करिडोर र कर्णाली राजमार्गमा आउने गरेका छन् । कर्णाली करिडोर संचालनमा आएपछि मोटरसाईकल यात्रुहरुले यही झोलुङ्गे



पुल भएर जाने भएकाले यो पुल जिर्ण भएको हो । भवन निमार्णका लागि चाहिने सामाग्री होस अथवा अन्य केही सामाग्री पनि यहि पुलको साहाराले कर्णाली वारी तार्नुपर्ने बाध्यता रही आएको छ । यो पुल भएर सयौ मान्छेले आवतजावत गर्छन् । खच्चरले भारी बोकेरै यो पुल तर्नुपर्छ मोटरसाईकल, अन्य सामाग्री पनि यहि पुलबाट लालिघाटमा ल्याउने हुदा यो पुलको आयु घटिसकेको छ । यो पुलबाट जोखिम मोलेरै जिल्लाको पलाता गाउँपालिका, पचालझरना गाउँपालिका, राष्कोट नगरपालिका, सान्नित्रिवेणी गाउँपालिका र नरहरिनाथ गाउँपालिकाका नागरिहरुले आवतजावत गर्ने गरेका छन् । ५ वटा स्थानीय तहलाई सदरमुकामसम्म जोड्नका लागि सहज बनेको जितेको झोलुङ्गे पुलमा स्थानीय तहले मर्मतका लागि चासो नदिएको स्थानीय नागरिकको आरोप छ। कर्णाली करिडोर वारीका लागि भरियाले पनि दैनिकजसो भारी बोकेर सामाना वारी ल्याउने गर्छन । नदीमा मोटरेबल पुल नहुँदा मोटरसाईकलमा यात्रा गर्नेहरु जोखिम मोलेर यही पुलबाट हिड्दा पुलको जाली समेत च्यातिएपछि समस्या भएको हो। यो पुलको मर्मत गर्ने जिम्मा तत्कालिन जिविस कालीकोटको भएपनि अहिले कस्ले मर्मत गर्ने भन्ने बिषयले गर्दा पुल जिर्ण बन्दै गएको छ । पुल जिर्ण बन्दा यहाँ बाटो हिड्ने बटुवाहरु मात्र हैन घुम्न आउने

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## सडक विकासमा जोड देउ

विकासमा छलाङ्ग मार्न कर्णालीमा सडक संजाल जोड्न आवश्यक छ । सडक विकास र विस्तारका नाममा प्रदेश राजधानीमा मात्रै नभई कर्णालीका दुर्गम गाउँमा पनि विकासको आवाज उठाउँनु पर्छ । सामाजिक सञ्जाल र मिडियामा आएका तस्बिरले कर्णालीको विकास वारे प्रस्ट पारेको देखिन्छ । सडक विस्तार लाई सवै क्षेत्रले हेर्ने वेला आएको छ । तिनै तहका सरकारले राष्ट्रिय हितका लागि कुनै योजना बनाउन वा सडक विस्तार गर्न कर्णालीको जनताको आवाजलाई सम्वोधन गर्नु पर्छ । सडक विस्तारका नाममा सयौं वर्षअघि बनेका ऐतिहासिक योजना अलपत्र अवस्थामा पर्नु दु:खको कुरा हो । पछिल्लो समय विकास र समृद्धिको कुरा आवश्यकताभन्दा बढी नै भइरहेको नागरिकले महशुस गरेका त छन् । तर, सडक विकास साझा सवला बनिरहेको छ । वास्तवमा कुनै पनि वस्तु वा व्यक्तिको आकार, चरित्र र विशेषतामा आउने परिवर्तनलाई नै सडक वा विकास भनिन्छ । सार्वभौमत: यो अघिल्लो भन्दा गुणात्मक रूपमा नै फरक हुन्छ अर्थात् वस्तु वा व्यक्तिको बढ्ने र परिवर्तन हुने प्रक्रिया नै विकास हो । यो एउटा विशेषताको घटना र परिस्थितिबाट अर्को विशेषतामा रूपान्तरण हुने आन्दोलनको प्रक्रिया हो । यसले पुरानो विशेषता, बुझाइ र मनोविज्ञानलाई पनि रूपान्तरण गर्छ । यसमा भौतिक पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, सांस्कृतिक विकास, भाषिक विकास, बौद्धिक विकास, चिन्तन विकास अनि मनोवैज्ञानिक विकास जस्ता समग्र विकासका विविध पक्षहरू अन्तरनिहित हुन्छ । यसैको सपाट र सग्लो रूप नै विकास हो ।

यता समृद्धि शब्दावलीको प्रयोग पनि असाध्यै धेरै भइरहेको छ । यो ल्याटिन भाषाको 'प्रस्पिरस'बाट उत्पत्ति भएको हो । यसको अर्थ राम्रो गर्नु भन्ने हुन्छ । र ाम्रो गर्दै जानेक्रमको लामो प्रक्रिया पछि प्राप्त हुने चरम सुख, शान्ति, वैभव र एकरूपता नै समृद्धि हो । विकास र समृद्धि परिपूरक पदावलीहरू हुन् । यद्यपि यिनीहरू बीचको सारभूत अर्थ धेरै भिन्न रहेको छ । कतिपयले यसलाई एउटै फुर्लुङमा कोचेर विश्लेषण गर्नेगरेको पनि पाइन्छ । तर सारत: विकास र समृद्धिमा धेरै अन्तर छ । कुनै पनि खास मानव समाजमा सबैखाले वा समानुपातिक विकास एउटा विन्दुमा पुगेपछि अभिव्यक्त हुने उच्चतम वा उन्नत सामाजिक रूप नै समृद्धि हो । कर्णालीको विकासको प्रमुख आधार भनेकै सडक भएकाले सरोकारवाला सवैले ध्यान दिन जरुरी छ ।

### जनचेतना मुलक सन्देश

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

शुभकालिका गाउँपालिकाको कार्यालय
कालिकोट

### प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

## भाइरल ज्वरोले गाउँ नै संकट

मिसन न्यूज
बाजुरा

बाजुरा जिल्लाको पूर्वी क्षेत्रस्थित हिमाली गाउँपालिका-६ बोल्डिक गाउँ नै रुघाखोकी र भाइरल ज्वरोले गाउँ नै संकटमा परेको छ । विगत एक सातादेखि फैलिएको रुघाखोकी र भाइरल ज्वरोले गाउँका २ सय १५ जना एकैसाथ बिरामी परेको स्वास्थ्य कार्यालय बाजुराले जनाएको छ । ९० परिवार बसोवास रहेको सो गाउँका सबै बालबालिका रुघाखोकी र भाइरल ज्वरोका कारण बिरामी भएपछि पठनपाठनसमेत प्रभावित भएको छ । एन्जल इंग्लिस बोर्डिङ स्कुलमा अध्यनरत सबै विद्यार्थी बिरामी परेपछि पाँच दिनका लागि पठनपाठन बन्द भएको छ । धुलाचौरमा रहेको भवानी माध्यमिक विद्यालयमा समेत नियमित पठनपाठन हुन नसकेको शिक्षिका देवु मल्लले बताइन् । उनले भनिन, 'हरेक घरमा बालबालिका बिरामी छन्, पढ्न आउन सकिरहेका छैनन् । भोलिबाट केही पहल नभए एक साताका लागि विद्यालय बन्द गर्ने तयारीमा छौं ।' शिक्षिका मल्लले गाउँका सबै बालबालिका बिरामी भए पनि अहिलेसम्म उनीहरूको कुनै उपचार हुन नसकेको बताइन् । बालबालिकासहित स्थानीय बिरामी पर्न थालेपछि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी भइरहेको धुलाचौर स्वास्थ्य चौकीले जनाएको छ । तीन दिनदेखि गाउँमा दुई जना स्वास्थ्यकर्मीले उपचार गरिरहेका छन् । बिरामीको संख्या बढेपछि थप दुई जना



स्वास्थ्यकर्मी भाइरल प्रभावित क्षेत्रमा पठाएको हिमाली गाउँपालिकाका स्वास्थ्य संयोजक राज भण्डारीले बताए । एन्जल इंगिलस बोर्डिङ स्कुलमा अध्यनरत बालबालिका भाइरल ज्वरो र रुघाखोकीले बिरामी भएपछि बिहीबारदेखि विद्यालय बन्द गरेको हो । उनीहरूमा खोकी लाग्ने, ज्वरो आउनेजस्ता लक्षण देखापरेको स्वास्थ्यकर्मीले बताएका छन् । चिसोको कारण भाइरल ज्वारो र रुघाखोकी देखा परेको स्वास्थ्य संयोजक भण्डारीले बताए । 'स्वास्थ्यकर्मीसँगै थप औषधिको व्यवस्थापन भइरहेको छ, अन्य ठाउँमा फैलिन नदिन गाउँपालिकाले उच्च सतर्कता अपनाएको छ,' हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्द्रबहादुर मल्लले भने, 'परिवारका सबै सदस्य बिरामी परेपछि उपचारमा समस्या भएको हुँदा

बाँकी ८ पेजमा.....

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल

# पलाँता सरकारले जन्झिर छिचोल्दै पार गरेको अढाइ बर्ष



**लक्ष्मण बम (पलाँती कान्छा)**

कालीकोट: हाम्रो देशमा आमुल परिबर्तनको एजेन्डा बोकेर २०५२ सालमा औपचारिक रुपमा भएको महान जनयुद्धको संखकोस भएसँगै हजारौंको बलिदानि , लाखौंको योगदानि र करोडौंको सहयोग र समर्थनमा असिमित आशा, अपेक्षा र भरोसालाई काखि च्यापी १० बर्ष लामो युद्ध र अर्को दशक संक्रमणकाल पारगरी तीन तहको सरकारको संरचना खडा गरिएको छ । जस फल स्वरूप सिहदरबारको केही अधिकार सहित पलाँता सरकार बनेको छ र त्यसको जिम्मेवारी समाल्ने अबसर मिलेको छ । यो सरकार जन्माउन ठुलो मुल्य चुकाउनु परेको कुरा आज कोहि कसैले अस्विकार गर्ने ठाउँ नै छैन किनकी घाउँ आलै छ सुकेको छैन तुफानी केन्द्रको रगत, बदलिएको छैन दिदीबैनीको शरीरको एक सरो लुगा, गुड्ने कुर्सी र बैशाखीसँग मोहनी लगाई रहेका छन् सपना र बिपना मा अल्झिएका त्यी महान योद्धाहरुका, नयनहरु थाकेका छैनन् मुक्ति वा मृत्यु रोजेर झोलाभरी सपना बोकी हिडेका साहासी सन्तान जन्माउने जन्म दाताहरुका ,नाना पाना मिठो खानाको अपेक्षा गरिरहेका छन् कोपिलाहरुले, दलित, महिला, पिछडा बर्ग, क्षेत्र र समुदायले समानताको गुन्जनमा मजा लिरहेका छन, उद्दम रोजगारको बाटो कुरिरहेका छन नब जवानहरु, भोक र रोगबाट सम्बन्ध बिच्छेदलाई पुर्णता दिन चाहान्छन न्यालयको बिस्वास गर्ने निमुखा गाउँले मेरा अभिभाबक र नयाँ फल चाख्न चाहाने गड्डा खन्दाको पन्च्यायत बिरुवा, रोप्दाको बौदल, हुर्कदाको जनयुद्ध र फुल्दाको संक्रमणकाल पार गरी जिनिएको पुस्ताले लालसो देखाई रहेको छ। यी उधारण मात्र हुन असिमित बिषयबस्तुसँग अङ्गालो मार्दै समाजबाद हुदै साम्यबाद गन्तव्य तय गरेर यो ब्यबस्था आएको छ। आज सम्पूर्ण सचेत नागरिकले यस ब्यबस्थाको सदुपयोगसँगै संस्थागतका लागि धैर्यताको बाँध नटुटाई अझै थुप्रै कुराको कुर्वानी गरिरहनु आजको आबश्यकता हो यहि कुरामा हामी लागि रहेकाले कसैले देख्न त कसैले छेक्न चाहान्छन्। देख्न चाहानाका लागि अर्जुन र छेक्न चाहानेका लागि दुर्जन बन्नु समयको माग हो। यस्तै कुरा हरुलाई मनन् गर्दै पलाँता सरकारको नेतृत्व समाल्दै अढाई बर्ष पार भएको छ। यो समय पार गर्दा कहिले सम्मान त कहिले अपमान को भुमरी पार गरेर समय पार गरिरहेको छु तर कसैमाथि न गुनासो छ न त रिस र डाहा मात्र रुपान्तरण को कोशेली र उसको भार नै उपहार सुम्पिने कोशिस गरिरहेको छु यसै शिलशिलामा गरेका काम र भोगेको सौभाग्यको फल यिनै हुन।

१) पाँच पटक गाउँ सभा, २) ५१ वटा कार्यपालिकाका बैठक, ३) ४ पटक सार्वजनिक सनुवाई, ४) २ पटक प्रत्येक वडामा सार्वजनिक सुनुवाइ, ५) मैनामा अनिवार्य जनता भेटघाट, ६) दोस्रो गाउँशभाबाट प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना, १५ शैया अस्पतालको औपचारिक प्रकृया सुरु गरी सेवा संचालनका लागि ८० लाख गाउपालिका र ४० लाख प्रदेशको रकम बाट ट्रस भबन निर्माणाधिन यसै बर्ष चिकित्सक सेवा सुरु गरिने, स्वमंसेबिकालाई मासिक ६ हजार प्रारिश्रमिक सहित समुदायमा परिचालन, टोलटोलमा स्वास्थ्यकर्मी कार्यक्रम संचालन, सुनौलो हजार दिनकी आमालाई घरभेट कार्यक्रम संचालन, चिकित्सकद्धारा प्रत्येक रोगको बर्षमा अनिवार्य स्वास्थ्य शिबीर संचालन, चार वटा बर्थिङ सेन्टर संचालन र ७१ जनालाई स्वास्थ्य क्षेत्रमा रोजगारी, ७) दोस्रो शभाबाट गाउँपालिकामा निजि शिक्षा बन्द, कक्षा शिक्षणका लागि ६२ दरबन्दी सिर्जना, माबिमा चौकिदार, खेल शिक्षक, कम्प्युटर शिक्षक, पुस्तकालय सहजकर्ता अनिवार्यको नीति सँगै ब्यबस्थापन, दुईवटा माबिमा कृषि बिषय अध्यायन र ल्यापको सुरुवातसँगै जेटीएको दरबन्दी कायम, १२ कक्षा सम्म निशुल्क शिक्षा, १३ वटा बिद्यालय मा अङ्गेजी पढ्न चाहानेका लागि अङ्गेजी माध्यमबाट अध्यापन सुरु, कम्प्युटर ल्याब, बिज्ञान प्रयोगशाला, पुस्तकालय अनिवार्य खेलमैदान र बालशिक्षामा पाठ्य सामाग्रीको पुर्ण ब्यबस्थापनमा ध्यान केन्दित गरेका छौ। माबिमा २०, निमाबिमा १२ र आबिमा ८ कोठे पक्कि भबनको चार बर्षभित्र ब्यबस्थापन गर्ने नीति पाससंगै पुलाहामा ८ कोठे भबन र पक्कि शौचालय, खाडामा पहिलेको भबन मर्मतसँगै दई कोठे पक्कि भबन, राडुनेटामा थप ३ कोठे पक्कि भबन निर्माणाधिन, ओखल्ढुङ्गामा ८ कोठे पक्कि भबन, छलाहामा ६ कोठे पक्कि भबन, खिनमा पहिलेको भबन स्तर उन्नति साथै गुणस्तरीय शौचालय निर्माण, जाँफेमा भबनको स्तर उन्नति, उखाडिमा १० कोठे पक्कि भबन र स्तरिय शौचालय निर्माण प्रकृयामा, दैनिकरमा पहिलेको भबन स्तरउन्नति साथै नयाँ आठ कोठे पक्कि भबन निर्माणाधिन, बेर्सनकोटमा स्तरिय शौचालयको निर्माण, थिर्पुमा भैरब आबिमा दुई कोठे भबन निर्माण र माबिमा पहिलेको भबन स्तरउन्नति सगै छ कोठे पक्कि भबन र स्तरिय शौचालय निर्माणाधिन साथै ७५ लाखमा आवाशिय भबन निर्माणको प्रकृयामा रहेको छ र टोल टोलमा गृह कक्षा संचालन, प्रौढ शिक्षा, महिला शसक्तिकरण र साक्षरता परियोजना संचालन, किशोरी शसक्तिकरण कार्यक्रम संचालन गरिएको छ । बिद्यालय निरन्तर अनुगमन र नैसियत र पुरस्कृतको ब्यबस्था, बिपन्न र पहुच बाहिरका बिद्यार्थीका लागि आवाशिय बिद्यालयको थालनि गरेका छौ र यसमा महिलामा २९, किशोरीमा १०, पौढमा १३, खेल शिक्षक ७ चौकिदार ७, पुस्तकालय साहायक ७ कम्प्युटर शिक्षक ७ र अङ्गेजी माध्यमा थप दरबन्दी १३ जना र अन्य माबि, आबिमा ६३ जनाको दरबन्दी गरी जम्मा १५६ जना लाई शैशिक रुपान्तरणको अभियानमा रोजगारि सिर्जना गरेको छु ।, गाउँ पालिकाको एक ठाउँबाट अर्को ठाउँ पुग्नका लागि ७२ किलोमिटर सडक निर्माण गर्नुपर्ने मा हाल ४२ किलोमिटर सडक खनेका छौ, सार्वजनिक यातायात संचालनका लागि चौर्थो गाउँसभाले नीतिगत गरेको निर्णय पाँचौ सभाले एक करोड पचास लाखमा बजेट बिनियोजन गरी ठेक्का प्रकृया सकेर चार वटा फोर बिल जिप १ करोडमा खरिद सम्झौता गरि फागुन १ गते पलाँताका सडकमा गुड्ने पक्का भएको छ। पलाँताका १० जना युवालाई ८ मैना अघिबाट सवारी चालक तालिम गाउँपालिकाको आठ लाख लगानिमा सिकाईरहेको छ। यस क्षेत्रमा चालक ८ जना र व्यवस्थापक २ जना गरी १० जनाको रोजगारी सुनिश्चत भएको छ । यस वेलकम पलाँता यातायात मा बिद्यार्थी, जेष्ठ नागरिक, अति बिपन्न र घाईते अपांग साथै एकल महिला, र पत्रकारलाई पूर्ण निशुल्क र निश्चित समयमा यात्रु गन्तव्यमा पुग्नेछन र सुलभ यात्रा गर्न पाउने गरि कार्यविधि पास गरेका छौ बैशाखबाट एम्बुलेन्स संचालन गरिनेछ।, ९) कृषिको क्षेत्रमा अनुदानको ब्यबस्था, बार्षिक १ लाख फलफुल बिरुवा अनिवार्य वृक्षारोपण, एक घर एक नर्सरी, एक टोल एक सिचाई पोखरीको अभियानमा २३ वटा पोखरी र नर्सरी तालिम प्रबिधि हस्तान्तरण गरिरहेका छौ ।णपालिकाको चावटा ठाउँमा कृषि पाठशाला संचालन, ४ जना कृषि प्राबिधिक र छ जना भेटेनरि प्राबिधिक परिचालन गरेका छौ, भैंसी, बोका, गाई, रागा कृषकलाई ५० प्रतिशत लगानि सुनिश्चित गर्ने गरि अनुदान गरेका छौ । १५ बटा पक्कि नहर निर्माण साथै तल्सेरी धौलागोह, किच, खिन, पारौटी, बेर्सनकोट नाईबाडा र सिर्स देहडु थोपा सिचाई आयोजना निर्माणाधीन अन्तिम चरणमा छ। राडुनेटा र उखाडिमा कृषि ल्याप सँगै ९ कक्षाबाट कृषि बिषय अध्यापन सुरु गरिएको छ र दुई जना कृषि शिक्षकको ब्यबस्थासँगै दुईजना ल्यावका लागि जेटिएको ब्यबस्थापन गरिएको छ। प्रत्येक वडामा संकलन केन्द्र स्थापना, दूध डेरी, चिस्यान केन्द्र र रस्टिक स्टोरको अभ्यास सुरु गरेका छौ प्रत्येक वडामा सुपत मुल्य संचालनका लागि प्रति वडा २ लाख ५० हजार बिना ब्याज ऋण लगानि गरेका छौ। १०) गाउँपालिका भित्र रहेका बनहरुको संरक्षणका लागि बन महासंघ स्थापना साथै कार्यालय ब्यबस्थापन र कार्यालयमा कार्यालय सहायक र सहयोगी ब्यबस्थापन गरेका छौ, भने कबुलियत र सामुदायिक ४२ वटा बनमा प्रत्येक बर्ष दुईलाख बिरुवा अनिवार्य रोप्ने र संरक्षण गरी हुर्काउने नीति पास गरेसगै ४२ जना बन हेरालाको ब्यबस्थापन घेरबार र बृक्षारोपण बापत आउने रकमबाट सुनिश्चित गरेका छौ, एक वडा एक नर्सरीको स्थापना गर्दै गएका छौ। बनमा रिचार्ज पोखरि निर्माण मा निरन्तरता दिएका छौ।

११) उर्जामा गाउँ पालिका भित्र ३ आयोजना संचानमा र २ निर्माणाधीन अबस्थामा रहेको छन जसमा २५० किलोवाट विद्युत उत्पादन रहेको छ जसमा हाम्रो पालिकामा २०० ले अहिलेको अबस्थामा प्रयाप्त हुने र ५० किलो वाट बाहिर दिन सक्के देखिएको छ। अहिले छ बडाको १३ सय घरधुरीमा बत्ति बलिसकेको स्तर उन्नति हुँदै छ भने बाँकी १६ सय घरमा लाईन बिस्तार भैरहेको र बैसाख १ गते सम्म लोडसेडिङ नहुने गरि बत्ति पुग्नेमा ढुक्ककासाथ काम गरिरहेका छौं । यस क्षेत्रमा ९ जना अप्रेटर, ३ जना सहओभरसियर, १ साखा प्रमुख र १ सहयोगीको परिचालन गरेका छौ र यसलाई परिचालन र ब्यबस्थापन गर्न उर्जा ब्यबस्थापन समिति को गठन गरेका छौ। जम्मा १४ जना रोजगारीसँग यहि बर्ष पलाँता अँध्यारो मुक्त भएको छ बत्ती नपुगन्जेलका लागि यस अघि प्रत्येक घरमा ५० वाटको सोलार सुलभ मुल्यमा बितरण गरिसकेका छौ । महसुल अति सुलभ निर्धारण गरिएको छ बिपन्न एकल महिला र द्वन्द्व पीडित घरपरिवार र बिद्यार्थी लाई महसुल पूर्ण छुट हुने गरि कार्यविधि पास गरेका छौ ।, १२) समान पहुँच र शुद्धखाने पानीका लागि तीन बर्ष भित्र सम्पूर्ण घरमा अनिवार्य मिटर सहितको धारा बितरण गरिसक्ने गापाको रणनीति अनुसार ९ सय मिटर सहितको धारा जडान गरिसकेका छौ भने बैशाखसम्म १५ सय पुग्ने गरि काम तिब्र गतिमा भैरहेको छ भने असाढ मसान्तसम्म २० हजार पुग्ने छ र बाँकि आउने बर्षको मध्ये तिर लक्ष्य पूरा हुनेछ अहिले सम्म गापा भरि मुहानबाट केही बाहेक सबै ठाउँको रिजर्भ ट्याङ्की मा पानी झारि सकेको छ। ४८ वटा रिजर्भ ट्याङ्कि बनाई सकेको छ । खानेपानि माहासंघ स्थापना साथै कार्यलयमा २ वटा कर्मचारीको ब्यबस्थापन गरेको छ । भने स्वच्छता पर्बदनका लागि १२ जना सामाजिक परिचालक परिचालन गरेका छौ एक घर एक धाराका लागि बाँकि कामलाई १० करोड ठेक्का प्रकृया पूरा गरि सकेको छ । भने फुटपातमा रहेका बस्तिलाई आबश्यक पाईप ,सिमेन्ट ब्यबस्थापन माग र आबश्यकतामा कुनै कमि हुन दिएको छैन ।, १३) दाम्डिगाड र तिप्पाडमा पक्कि पुल र नदिमा फेरिको काम औपचारिक प्रकृयामा अघि बढेको छ ।, १४) ४ सिभिल सभ ईन्जिनियर र १० जना सिभिल सभओभरसियर परिचालन गरेका छौ ।, १५) नौ बडामा ९ जना वडा सहायक र ९ जना सहयोगी परिचालन गरिएको छ ।, १६ ) पलाँता रोजगार कार्यक्रम संचालन गरि १५० जनाको निर्माण कार्यदल गठन गरेर काममा लगाईएको छ।, १७) प्रत्येक स्वास्थ्य संस्थामा एक महिला र एक पुरुष सहयोगी परिचालन गरेर १५ जनालाई रोजगारको सृजना गरिएसगै जन सेवामा पहँज पुगेको छ ।, १८) जनयुद्धका घाइतेको उपचार साथै अनिवार्य रोजगारी को ब्यबस्थापनको नीति बनाई कार्यान्वयनमा ल्याएका छौ ।, १९) रेडियो पलाँता एफ एम संचालन साथै स्टेसन म्यानेजर १, कार्यक्रम संयोजक १, समचार प्रमुख १ कार्यक्रम प्रस्तोता २ चौकिदार १ सहयोगी १, र सम्वावदाता ९ जना गरि जम्मा १६ जनालाई रोजगारीसँगै पलाँतालाई संचारको पहँचमा पुऱ्याएका छौ, पलाँता खबर अनलाइन संचालन गरेका छौ।, २०) समयमा सर्बसम्मतमा लोडेमा पालिकाको केन्द्र टुङ्गो मा अब भबन निर्माण प्रकृयामा, २१) सैनमा सहित स्मृति रङ्गशाला निर्माण कार्य सुरु सङ्गशाला २२० लम्बाई र १५० चौडाको बन्दै, २२) राडुनेटामा महान जनयुद्धका बेला खनेका बङ्कर संरक्षणका लागि संरक्षण स्थल निर्माण, २३) संस्कृति र परम्परा जोगाउन धार्मिक स्थलको मर्मत तथा पुन निर्माण, २४) रारा जोड्ने खिन भतेडा हुँदै रारा जोड्ने सडकको काम औपचारिक रुपमा प्रकृया सुरु, २५) वडा न ४ मा आयुवेद औषधालय स्थापना र ३ जना कर्मचारी ब्यबस्थापन, २६) थिर्पुमा बजार ब्यबस्थापन, २७) मदिरा नियन्त्रण साथै निषेध को अभियान, २८) साबिक का गाबिसमा ३ वटा प्राबिधिक सेवा कार्यालय स्थापना २९) पलाँताका सम्पूर्ण दलित परिवारलाई सुधारिएको चुलो निसुल्क बितरण, ३०) प्रत्येक वडामा कुटानि पिसानि मिल बितरण, ३१) धौलागोह खिन थिर्पुका केही वडामा धारामा हुने गाग्री सम्मेलनको अन्त्य, ३२) ऐतिहासिक महत्वको अङ्गाउ मन्दिर निर्माणाधीन, ३३) खाडामा आगलागि भएको बस्तिक पुन निर्माण, ३४) तल्सेमा पेल्ट्रि हाईड्रो संचालन, ३५) ३ वटा वडा कार्यालय भबन निर्माण सम्पन्न, ३६) पुर्ब जनमुक्ति सेनालाई ब्यबसाय संचालनमा अनुदान, ३७) जनचेतना मुलक सामाजिक र स्वास्थ्य सम्बन्धि गित रेकर्डिङ जस्ता गणनामा आउने काम हुन

बाँकी ६ पेजमा.....

# आगोले जलेको खाडा गाउँ एक वर्षपछि ठडियो

मिसन न्यूज
कालिकोट



जिल्लाको पलाँता खाडामा गत पुस ८ गते राती भएको भीषण आगलागीबाट जलेको खाडाको बस्ती पुननिर्माणको काम सम्पन्न भएको छ । जिल्लाको पलाँता गाउँपालिका १ खाडाको गाउँमा मान्छे नबस्ने घरबाट सुरुवात भएको आगलागीले जलेको न्यौपानेको उद्गम स्थल (पुर्ख्यौली थात) भनेर चिनिने खाडाको बस्ती प्रदेश सरकार र विभिन्न स्थानीय तहको सहयोगमा २६ घर पुननिर्माणको काम सम्पन्न भएको छ । आगलागीले खरानी भएको खाडामा भूकम्प प्रतिरोधी टिनको छानो भएका नमुना घरहरु बनेपछि खाडाका स्थानीय दंग छन् । आगलागीले खण्डहर बनेको बस्ती प्रदेश सरकारको आर्थिक सहयोगमा पलाँता गाउँपालिकाले निर्माण गरेको युवा विकास कार्यदलको टालीले निधप्रति समयमा निर्माण कार्य सम्पन्न गरेको हो ।

बिष्णुऋषि न्यौपानेले आगलागीले खरानी भएको खाडा पुननिर्माण भएपछि गाउँको स्वरुप नै बदलिएको बताए । उनले आफूहरुले घर जलेपछि छिमेकीको घरमा आश्रय लिएर एक वर्ष बिताएपछि अब नमुना घरमा बस्न पाउने भएपछि निकै खुसी लागेको बताए । खाडा आगलागीमा टाउजर र टिसट बाहेक सबै खरानी भएका आगलागी पीडित कुसराज न्यौपानेले आफूहरुले कष्टकर दिनहरु पार गरेको बताए । उनले गाउँमा सबैको सहयोगले खान तथा बासस्थानको जोखो भएपनि बस्ती नै पुननिर्माण भएपछि आफ्ना दुस्खका दिनहरु फेरिएको महसुस भएको बताए । उनले भने, 'खाडामा भएको आगलागीले न गास न बासका भएका थियौं । अब आफ्नै घरमा बस्ने भयौं । प्रदेश सरकार र पलाँताको स्थानीय सरकारले ठूलो सहयोग गरे । जसको सहयोगमा पलाँताको बस्ती पहिलेको भन्द सुन्दर निर्माण भएको छ । यस्तै पीडामा खाडाका स्थानीय अर्का आगलागी पीडित दिप न्यौपाने पनि खुसी छन् ।

उनको गाउँको बीचमा रहेको दुई तले खरले छाएको घर पोलिएको थियो । गोठका गाईवस्तु जलेका थिए । घरमा रहेको अनाज, हुण्डा, ताउलालगायतका अन्य भाँडाकुडा सबै नष्ट भए । उनले छिमेकीको गोठमा बसरे एक वर्ष काटे । तर अब फागुन १ गतेबाट आफ्नै घरमा बस्ने भएका छन् । उनको पनि पहिलेको भन्दा राम्रो घर निर्माण भएको छ । उनले भने, 'घरमा रहेको सबै सम्पती जलेको थियो। १० जनाको परिवारको बिचल्ली भएको थियो । एक वर्ष निकै कष्टकर बन्यो । शिरान हालेको कोट पनि पोलियो । छिमेकीले दिएको कपडा र राहतका कपडाहरु लगाए वर्ष काटें । अब परिवारलाई आफ्नै घरमा राख्छु ।

म परदेश गएर भएपनि परिवारको खुसी फर्काउँछु ।' पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले प्रदेश सरकारको सहयोगमा बनेका २६ वटा नमुना घरहरु निर्माण सम्पन्न भइसकेकाले फागुन १ गते जनयुद्ध दिवसका अवसरमा हस्तान्त्रण गरिने बताए । उनले खाडामा जलेका ३२ घरमध्ये ६ जनाको परिवार तराईतिर बसाई सरेर गएकाले २६ वटा परिवारको लागि मात्र घरहरु निर्माण गरिएको बताए । उनले खाडामा नमुना बस्ती निर्माणका लागि गाउँपालिकाको निर्माण कार्यदलमा आबद्ध १ सय जना युवा र अन्य क्षेत्रबाट ३० जना मिस्त्री लगाएर बस्ती निर्माण गरेको बताए । उनका अनुसार खाडाको बस्ती पुनिर्माणका लागि प्रदेश सरकारले प्रति परिवार ५ लाख, इन्द्रेणी टिमबाट २४ लाख, जिल्लाका अन्य स्थानीय तह तिलागुफा नगरपालिका २ लाख ५० हजार, सान्नीत्रिवेणी गाउँपालिका, महाँवै गाउँपालिका र नरहरीनाथ गाउँपालिकाबाट २ लाखका दरले सहयोग प्राप्त भएको थियो । परम्परागत शैलीका खरले छाएको छाना भएका १ सय ६९ घरधुरी रहेको उक्त गाउँको तल्लो छेउमा रहेको नविन न्यौपाने र मनीचन्द्र न्यौपानेको घरको माथिल्लो तलाबाट सुरु भएको आगोले त्यहाँका ३२ जलेर नष्ट भएका थिए ।जसबाट कुल ३ करोड ६ लाख बराबरको क्षति भएको थियो । उक्त आगलागीबाट ५ सय ४० जना स्थानीय नागरिक प्रभावित भएका थिए ।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# पाईनै छाड्यो बहुमूल्य जडीबुटी

मिसन न्यूज
कालिकोट

अत्यधिक दोहन र चोरी निकासीका कारण लेकाली वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी पाइनै छाडेको छ । जलवायु परिवर्तन, आगलागी, लोपोन्मुख



जडीबुटीको खेती, प्रविधि अभावलगायत कारण बहुमूल्य जडीबुटी दिन प्रतिदिन लोप हुँदै गएको हो । जिल्लाका नौ वटै स्थानीय तहका लेकाली वन क्षेत्रमा महत्त्वपूर्ण जडीबुटी पाइछ छाडेको छ । जिल्लाको पचालझरना गाउँपालिका-७ निवासी वीरबल बुढाले परापूर्वकालदेखि वन क्षेत्रमा पाइने ३३ प्रजातिमध्ये कालिकोटमा २४ प्रजातिका जडीबुटी पाइने जिल्ला वन कार्यालयका सहायक वन अधिकृत कृष्णराम धितालले जानकारी दिए । प्रदेश सरकार र स्थानीय सरकारले जडीबुटीको महत्त्व थाहा नपाउँदा बहुमूल्य जडीबुटी लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ । प्रदेश र स्थानीय सरकारले जडीबुटी तथा वन्यजन्तु संरक्षणका लागि कुनै ठोष कार्यक्रम पनि तर्जुमा गरेका छैनन् । कालिकोटलाई ओखर र टिमुरको पकेट क्षेत्रका रूपमा विस्तार गर्ने योजना छ । जिल्लाबाट ५१ प्रजातिका जडीबुटी व्यापारिक प्रयोजनामा निर्यात हुने गरेका छन् । बर्सेनि सात लाख ८४ हजार नौ सय ६८ किलो जडीबुटी निर्यात हुने गरेको छ । गत आर्थिक वर्षमा जडीबुटी निर्यातबाटै २२ लाख राजस्व संकलन थियो । जिल्लामा ओखर, टिमुर, सतुवा, पाखनबेद, पदमचाल, सिताल्चिनी, डाले चुक, चिराइतो, कुरिलो, कटुको, बायजडी, बोजोलगायत २४ प्रजातिका जडीबुटी पाइन्छ। संघीय सरकारको जडीबुटी विकास कार्यक्रमअन्तरगत जडीबुटी खेती विस्तार, खेती क्षेत्र निर्धारण, पकट क्षेत्र निनर्धारण र भण्डारण केन्द्र र प्रशोधन केन्द्र निर्माणका लागि अनुदान कार्यक्रम छन् । प्रदेश र स्थानीय सरकारले वन, वन्यजन्तु तथा जडीबुटी संरक्षणमा ध्यान दिन सकेका छैनन् । सान्नीत्रिवेणी गाउँपालिकाले वन, वन्यजन्तु तथा जडीबुटीको

बाँकी ८ पेजमा.....

# वित्तिय साक्षरता कार्यक्रम विस्तार

मिसन न्यूज
सुर्खेत

सुर्खेतमा सिद्धार्थ बैंक लिमिटेडले यूकेएड सक्षम एक्सेस टुफाइनान्सको साझेदारीमा वित्तिय तथा व्यावसायिक साक्षरता कार्यक्रम विस्तार गरेको छ। देशव्यापिरुपमा संचालन गर्दै आएको बैंकले देशका विभिन्न स्थानमा यसअघि पनि वित्तीय



साक्षरता कार्यक्रम थालनी गरेको हो । कार्यक्रमको सहजीकरण गर्दै वित्तिय तथा व्यावसायिक साक्षरता परियोजनाका प्रबन्धक सुदीप ताम्रकारले बैंक र व्यावसायी बीचको दुरीघटाउनका साथै कर्जाको सही सदुपयोग, कर्जा परिचालन र व्यवस्थापन गर्नकालागि व्यवासायीहरुलाई सहजता पुगोस भन्ने यद्देश्यका साथ कार्यक्रम संचालनमा ल्याएको बताए ।

ताम्रकारले व्यवसाय गर्न इच्छुक र व्यवसायमै लागि परेका व्यक्तिहरुकालागि बैंकिडक्षेत्रको भूमिका कहाँनेर कसरी हुन्छ र एक आपसमा कसरी सहयोग आदान प्रदान गर्न सहजता हुन्छ भन्ने विषय बस्तुको जानकारी दिलाउन कार्यक्रमको आयोजना गरिएको बताए । बैंकका सुर्खेत शाखाका प्रबन्धक रञ्जन कोइरालाले साना तथा मझौला व्यापारीहरुको व्यवासायीक सफलदताका लागि वित्तिय साक्षरता कार्यक्रम अत्यन्तै उपयोगी हुने भएकाकारण बैंङमा पुग्नु अघि बैंकबाट प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी जानकारी सेवाग्रहीले पाएमा सेवालिन र दिन सहज हुने भएकाले यो साक्षरता कार्यक्रम उपयोगीमात्र होइन बहु उपयोगीहुने बताए । कोइरालाले वित्तिय साक्षरताको प्रभावले सेवाग्रहीहरु र बैंकहरु बीचको दुरी घट्ने समेत बताए ।

उक्त कार्यक्रम सैद्धान्तिक र प्रयोगात्मक पद्धतिमार्फत साना तथा मझौला व्यापारीहरुलाई विशेष गरी बैंकिङ्ग कर्जा सम्बन्धी जानकारी दिनुका साथै व्यवसाय दर्ता, व्यापार योजना, वित्तीय व्यवस्थापन, कर्जा व्यस्थापन, व्यापार विस्तार, बैंकिङ्ग प्रणाली, कर आदिका महत्वपूर्ण जानकारी

बाँकी ८ पेजमा.....

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधैं ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# प्राकृतिक गतब्य हो कर्णाली: पुन

लिलाराज संज्याल
सुर्खेत

उपराष्ट्रपति नन्दबहादुर पुनले कर्णाली उष्कृष्ट प्राकृतिक गतब्य भएको बताएका छन्। कर्णाली प्रदेशको राजधानी सुर्खेतमा द्वोश्रो कर्णाली एक्स्पो महोत्सव उद्घाटन गर्दै उपराष्ट्रपति पुनले पर्यटकका लागि कर्णाली उष्कृष्ट प्राकृतिक गतब्य भएको बताए। कर्णालीमा पर्यटकका लागि नयाँ नयाँ प्राकृतिक गतब्य रहेको पर्यटकका लागि नौलो भएको उपराष्ट्रपति पुनले बताए। कर्णालीमा थुप्रै पर्यटकीय गतब्य रहेका छन् । प्राकृतिक रुपमा रारा, फोसण्डो, बुलबुले ताल रहेको उपराष्ट्रपति पुनले बताए। देशको आर्थिक विकासका लागि कर्णालीका जनताले अर्गानिक खेतीका लागि प्रख्यात रहेको उपराष्ट्रपति पुनले बताए । कर्णालीको आर्थिक विकासका लागि अर्गानिक कृषि एक महत्वपूर्ण कदम हो। अर्गानिक खाद्य बस्तु उत्पादनको लागि यहाँका कृषि क्षेत्रलाई बढवा दिनुपर्ने उपराष्ट्रपति पुनले बताए । कर्णालीको पहिचान छुट्टै भएको र यहाँका विकासका लागि सरकार, नीजि क्षेत्र र सहकारी एकता आवश्यक रहेको उपराष्ट्रपति पुनले बताए । कर्णाली एक यस्तो प्रदेश हो । जुन वहुमुल्य जडिबुटी देखि खानीको सम्भावना रहेको छ । नेपालमा तिव्र गतिमा विकास गर्नका लागि,आर्थिक समृद्धि ल्याउनका लागि र असल सुशासन कायम गर्नका लागि राज्य व्यावस्था परिवर्तन अपरिहार्य रहेर हामिले ठुलो संग्रश र ठुलो बलिदान गरेर जसवाट व्यावस्था प्राप्त गरेको कर्णाली प्रदेशमा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बताए। अपेक्ष तथा देशमा गरिवी हटाउने र असल सुशासन जनताको चाहाना हो । यो चाहाना पुरा गर्नका लागि अहिलेको वर्तमान सरकार लागि रहेको मुख्यमन्त्री शाहीले बताए। भौगोलिक हिसावले विकत मानिने कर्णाली प्रदेश कृषि उत्पादन गर्नका लागि अवल रहेको छ। यसको लागि प्रदेश सरकार केन्द्र सरकार र स्थानीय सरकारले सहयोग




## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

# पलाँता सरकारले जन्भिरर छिचोल्दै........

भने अन्य साना साना काममा पनि आबश्यकता अनसार समय दिएकै छौ ।, ३८) थुप्रै नीति र कार्यविधि पास गरेका छौ जसमा, क) सहकारी रिण अनुदान संचालन कार्यविधि २०७४, ख) पलाँता रोजगार कार्यविधि २०७४,ग) शिक्षा निमावलि २०७४, घ) शिक्षण अनुदान कार्यविधि २०७४, ङ) उपभोक्ता गठन तथा संचालन २०७४, च) सुपत मुल्य पसल संचालन कार्यविधि २०७४, छ) बन संरक्षण कार्यबिधि २०७५, ज) आबासिय बिद्यालय संचालन कार्यबिधि २०७६, झ) बाल संरक्षण कार्यविधि २०७६, ञ) गाउँ प्रहरी संचालन कार्यविधि २०७६, ट) वेलकम पलाँता यातायात संचालन कार्यविधि २०७६, अहिले सम्म यी कामहरुमा खटिदै गर्दा नेपालभरका रेडियो, टेलिभिजन, अनलाईन, पत्रपत्रिकाले आफ्नो क्षमताले भ्याएसम्म सहयोग गरेर गल्ती भएको ठाउँमा सच्याउने र सहि भएको अन्य क्षेत्रमा पत्रचार गरि महत्त्वपूर्ण सहयोग भएको अनुभुती दिलाएका छन्। भने अनमोल फाउन्डेसन, कर्णाली साहित्य समाज, तिलाकर्णाली बहुमुखि क्याम्पस, अखिल क्रान्तिकारी केन्द्रीय संगठनले सम्मान गरी बिकाश निर्माणमा थप हौसला प्रधान गरेको छ। साथै परिबर्तनका बाहाक युवा, बिद्यार्थी र गाउँका सुभचिन्तकले दिने सल्लाहा गर्ने आशा भरोसा र ब्यक्त गर्ने दुख पिडाले जिम्मेवारी को अनुभुतीसँगै सधै यस क्षेत्रतिर लागिरहु र मेरो संसार यो भन्दा अरु छैन भन्ने कुरामा कुनै बेलापनि डकमकाउन दिदैन झनै थप बाँकि रहेका सहिदका अधुरा सपना, सहिद परिवार र घाईते अपांग वीर योद्धाका ईच्छा, चाहाना र माग अनि टुहुरा बच्चाका भबिस्यले पलपलमा झट्का दिरहने गर्दछ र आफ्नो भन्दा आफ्नाकाको बढि ख्याल राख्ने जोस आईरहन्छ । तर बिडम्बना आज जसले बिरुवा रोप्यो उसैले फल फल्न नदि काट्ने प्रयास गरिरहेको भान भएको छ । फुल फुल्ने बेला असिना पानी अनि आधि बेहेरी सिर्जना भएको अनुभूति भएको छ।

### सामाना गर्नु परेका चुनौति

भौगोलिक रुपमा बिकटता भित्रको बिकटमा पर्ने गाउँ पालिकालाई सुगमसँग तुलनामा लैजान भुगोलसँग लड्न शून्यबाट भौतिक संरचना निर्माणको थालनि निर्माणकार्य सुरु गर्दा जग्गा जमिन घर टहरा भत्काउनु पर्ने र त्यसबाट उत्पन्न समस्या प्रमुखको हिसाबले एक्लै जिम्मेवारी लिनु पर्ने र बिना उपस्थिति संरचना निर्माण गर्न नदिने हुदा कहिले डोजरको खलासी त कहिले निर्माण आयोजनाको चौकिदार बनेर संरचना निमार्णमा समय दिदा अन्य बाहिरका गोष्ठी बैठक र काममा अबरोध देखा पर्यो। बिकृति बिसंगतिले जगडिएको समाजलाई सभ्य समाजतिर लैजान जाड रक्सि जुवा तास, भ्रष्टाचार अनियमिता, निषेधको अभियान सुरु गर्दा केही समय सम्म आफै खटिएर सुधारउन्मुख देखिएको बेला म भन्दा माथि रहने स्थानिय पार्टी नेतृत्व र जनप्रतिनिधिको गैह्र जिम्मेवारी कृयाकलाप र यस क्षेत्रको मोहका साथै कालिकोट उद्योग बाँणिज्य संघले उच्च अदालतमा दिएको जाहेरिले जाँड रक्सि खान र बेच्न पाउने आदेश पछि सबै कुरा खुल्ला भएको छ आज यसै फलस्वरुप मदिराका कारण चार जनाले ज्यान गुमाएका छन दर्जन बढि सार्वजनिक केशमा जिप्रका सजाए भोगेर गएका छन त कोहि भोक्दैछन भने इप्रकामा दैनिक दर्जनौ केस सामान्य जरिवाना र छलफल गरि टुङ्ग्याउने काम गरिएका छन। काममा तिब्रता र अन्य क्षेत्र तिर ध्यान नपुग्दा आलोचनाको पात्र बन्नु परेको छ सोझा जनता र कार्यकर्ता को बहुसंख्याक सयोगमा डाहा गर्नेले दुख दिने नियतले कहिले आर्थिक त कहिले सामाजिक आरोप लगाउदै अबरोधको सामना गर्न बाध्य बनाएका छन । सफत लिएको एक मैना भित्र करोडको आथिक घोटालाको आरोप लगाउदै दुई तिहाई पुर्‍याएर सत्ता भित्रबाट पत्रकार सम्मेलन, पार्टी कार्यालय घेराउ, प्रशासन कार्यालय घेराउ र मुद्दा दायर गरियो र केही समय पलाँताको बिकास निर्माणमा स्थिरता ल्याईयो माथिल्लो सम्पूर्ण निकायसँग मेरो सत्यताको पक्षमा फैसला सँगै दुईतिहाले जनताको भेलामा हामिले गल्ती गर्यौं भनेर दुईतिहाई पक्षले जनताबाट माफि पछि हाम्रो यात्रामा गति पैदा भएको थियो । बिडम्बना उसैको बदला लिन फेरि उहीं प्रकृतिको आन्दोलन फेरि सुरु भएको छ र यसले कुनै र कसैको भलाई हुनेछैन बरु जनसेवामा अबरोध आउने मात्र देखिन्छ तर जिम्मेवारीको हिसाबले सामाना गरेर अघि बढ्न म हरदम हरपल गतिमा मन्दता आउन नदिने प्रयत्न गरिरहनेछु। म सँग जोडिएको रगत पसिना र आँसुले कसैका ब्यक्तिगत सपना पूरा नहुने कुरामा हामी दुईमत छैनौ सत्यताको बिजय को पनि अन्योलता छैन। हामीलाई थाहा छ सबै कुरा बोकेर आएको यो ब्यबस्था संस्थागत गर्न सामान्यत छैन तर यो ब्यबस्था ल्याउदा गरेको कुरबानि, बलिदानि, योगदानि जत्तिकै छैन किनकि यो ब्यबस्था ल्याउन १७ हजारले रगत बगाउदा, दिदिबहिनी को सिन्दुर पुछिदा, आमाका कोख रित्तिदा, बालक टुहुरा हुदाको जस्तो चुनौति छैन त्यो पीडा जोडिएकोले अहिले आउने चुनौति पाउहुना हुन सम्मान पछि फर्किन्छन अहिले अथिति सम्मानमा ध्यान केन्द्रीकृत गरेको छु। यसरिनै बितेको अढाई बर्ष अब माथि उल्लेखित सबै बिषयबस्तु संकलन, प्रसोधन र प्रयोजनमा ल्याउनमा नचुक्ने आगामि रणनिति रहेको छ । सबैले सकारात्क सोचका साथ सहयोग र समर्थन मा जुट्ने बेला हो आलोचना र बिरोध गरे समृद्धि सम्भब हुन सक्दैन यो कृयाकलाप देखाउनु अपरिपक्कता नै हुन्छ समय छोटो छ सम्झाउने, बुझाउने, छलफल गर्ने, विश्लेषण गर्ने त्यो अहिले अपेक्षा राखे हाम्रो समृद्धिको यात्रा अपुरो हुने हुन्छ हामिले सबै एकैठाउबाट सुरु गरेर जाने बेला हो जहाँ काम त्यहि दाम जहाँ समस्या त्यहि सामाधान अनि मात्र हुनेछ आमुल परिबर्तन बोकेर आएको यो ब्यबस्थाको संस्थागत र सामाजबाद हुँदै साम्यवाद को यात्रा तय भएर अनि मात्र अपुरा रहेका सबैका सपना पूरा हुनेछन। ईकर्णालीपाटीबाट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

# सपना बाँडेर समय खेर नफालौं

मिसन न्यूज
काठमाडौं

पूर्वराजा ज्ञानेन्द्र शाहले भविश्यको कोरा सपना मात्र बाँडेर समय खेर नफाल्न र सर्वहितकारी प्रजातान्त्रिक धर्म निर्वाह गर्न राजनीतिक नेतृत्वसँग उत्रन सक्नुपर्दछ । रुपमा होइन, सारमा झल्कनुपर्दछ' पूर्वराजाले भनेका छन्, 'हामी देश दर्शन र वैदेशिक भ्रमणमा जब जान्छौं, त्यहाँ प्राय सुन्ने बुझ्ने गर्दछौं । नेपालको प्रजातन्त्र जनजीवनको उत्थानमा, उमंगमा र उत्साहमा




आग्रह गरेका छन् । फागुन ७ गते प्रजातन्त्र दिवसका अवसरमा जारी शुभकामना सन्देशमा पूर्वराजा ज्ञानेन्द्रले प्रजातन्त्र कर्म उत्रन र व्यवहार मा देखिन सक्नुपर्ने, तर त्यस्तो हुन नसकेको बताएका छन् । 'प्रजातन्त्र शब्दमा होइन, कर्ममा सार्थक हुन सकिरहेको छैन ।' पूर्वराजाले प्रजातन्त्र केही टाठाबाठा र केहीको आर्थिक स्वार्थका लागिमात्र होइन भन्दै सबै जनताले प्रतिफल पाउनुपर्ने बताएका छन् । पूर्वराजा शाह यतिबेला भारत भ्रमणमा छन् ।

# तीन घण्टा भ्रमणमा ८५ करोड भारतिय रूपैयाँ खर्च

एजेन्सी
गुजरात

भारतको गुजरातमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको तीन घण्टे भ्रमणका लागि भारतले ८५ करोड भारतीय रुपैयाँ खर्च गरेको छ । अमेरिकी राष्ट्रपति ट्रम्प आगामी सोमबार गुजरात किनारमा ७ फिट अग्लो पर्खाल बनाएर ढाक्ने लगायतका काम गर्न गुजरात सरकारले ८५ करोड रुपैयाँ खर्च गरेको छ । ८५ करोड रुपैयाँको करिब आधा हिस्सा सुरक्षा व्यवस्थामा खर्च गरिदैंछ । ट्रम्पको भ्रमण अवधिको सुरक्षाका लागि



आउँदैछन् । दुई दिवसीय भारत भ्रमणको सुरुवात ट्रम्पले गुजरातबाट गर्दैछन् । ट्रम्पले गुजरातको राजधानी अहमदावादस्थित विश्वकै ठूलो क्रिकेट स्टेडियम उद्घाटन गर्ने कार्यक्रम छ । गुजरातका सरकारी अधिकारीलाई उद्धृत गर्दै रोयटर्स समाचार एजेन्सीले जनाएअनुसार गुजरातमा ट्रम्प करिब तीन घण्टा रहनेछन् ।

ट्रम्पको तीन घण्टे भ्रमणका लागि अहमदावाद सहरलाई सजाउन, सडक पिच गर्न, सुकुम्बासीहरुको झुपडी रहेको बस्तीलाई सडक १२ हजार प्रहरी तैनाथ रहने जनाइएको छ । ट्रम्पको सवारी मार्गमा पर्ने क्षेत्रलाई सजाउनका लागि ६ करोड रुपैयाँ खर्च भएको छ । यस्तै सांस्कृतिक कार्यक्रमका लागि ४ करोड रुपैयाँ खर्च हुने जनाइएको छ । अहमदावाद नगर निगमका आयुक्त विजय नेहरालाई उद्धृत गर्दै रोयटर्सले जनाएअनुसार ट्रम्पले उद्घाटन गर्ने स्टेडियमसम्म पुग्ने सडक चौडा गर्न र अन्य पूर्वाधान निर्माणका लागि ३० करोड रुपैयाँ खर्च भएको छ ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । अध्ययनमा बाधा पुग्नेछ भने वादविवादले समस्या निम्त्याउन सक्छ । तापनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्, सजग रहनुहोला । मंगलवारदेखि स्थितिमा सुधार आउनेछ । |
| वृष : | प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ रमाइलो यात्रा र मनोरञ्जनको आनन्द प्राप्त हुनेछ । अतिथिका रूपमा सत्कार पाइनेछ प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । मंगलवारदेखि भने केही समस्यासँग जुध्नुपर्ला । काम बिग्रने डरले सताउन सक्छ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । |
| मिथुन : | पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ । प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ । स्रोतसाधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ । दिगो व्यवसायमा हातहाल्ने समय छ । |
| कर्कट : | प्रारम्भमा केही व्यवधान देखिए पनि बुद्धिले समस्या सुल्झाउन सकिनेछ । अध्ययनमा त्यति समय दिन नसकिए पनि रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ । बीचमा गोपनीयता बाहिरिनाले केही समस्यामा परिएला । |
| सिंह : | हतारमा निर्णय लिँदा काम दोहोर्याउनुपर्ला । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले दुस्ख पाइनेछ । शुभचिन्तकहरूको सुझावलाई मनन गर्नुहोला । स्वास्थ्य कमजोर हुनाले अध्ययनमा त्यति समय दिन नसकिएला । |
| कन्या : | प्रारम्भमा केही चुनौती देखिए पनि मिहिनेतले हिम्मत दिलाउनेछ । पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ । दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । मंगलवारदेखि पारिवारिक समस्याले सताउन सक्छ । साइनो गाँस्नेहरूबाट सजग रहनुपर्ला । |
| तुला : | साताको प्रारम्भ रमाइलो रहनेछ । बुद्धिले लक्ष्यमा पुर्याउनेछ । अध्ययनमा प्रगति हुनेछ । तर, हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला । मंगलवारदेखि समय केही संघर्षमय रहनेछ । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । |
| वृश्चिक : | प्रारम्भ रमाइलो रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । खानपान र पहिरनको सोखले खर्च भने बढाउन सक्छ । मंगलवारदेखि चिताएको काम रोकिनाले आर्थिक पक्ष कमजोर बन्नेछ । |
| धनु : | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिस्थितिले केही थकित तुल्याए पनि मंगलवारदेखि स्थितिमा सुधार आउनेछ । नयाँ काम गर्ने अवसर जुट्न सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । |
| मकर : | सुरुमा आम्दानी बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । व्यापार बढ्नेछ र राम्रै आम्दानी हातलागी हुनेछ । तापनि आकस्मिक खर्च बढ्नाले अर्थ अभाव भने खट्किनेछ । सहयोगीहरूको भर पर्दा काम दोहोर्याउनुपर्ला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्न सक्छ । |
| कुम्भ : | प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ । नोकरीमा पद प्राप्ति हुनेछ भने व्यवसायमा लाग्नेहरूको प्रगति हुनेछ । प्रवासीन व्यक्तिसँग निकटता बढ्नेछ । दिगो काम प्रारम्भ हुनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । आम्दानीका स्रोतहरू बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ । |
| मीन : | सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने अवसर जुट्नेछ । लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ । आध्यात्मिक ज्ञानको प्रेरणाले मानसिक सुख प्राप्त हुनेछ । इतिहास एवं धर्म-संस्कृतिको जगेर्नामा रुचि जाग्नेछ । |

## विकासमा छलाङ्ग हान्दैं ..................

ति योजनाहरु पनि समयमै सम्पन्न गर्ने छौं । उनका अनुसार, हामिले गाउँपालिकाले ७५ लाख भन्दा तलका योजनाहरु उपभोक्ता मार्फत निर्माण गर्ने जिम्मा दिएका छौं। सम्झौता भएका मझौला योजनामध्ये चारवटा सम्पन्न भइसकेको गाउँपालिकाका प्रवक्ता एवं वडा ५ का अध्यक्ष गगन बहादुर फडेराले बताएरु 'विगतमा समयमा काम नसकेर केही योजनाको पैसा फिर्ता भयो,' उनले भने, 'त्यही भएर यो वर्ष कडाइ गरिएको छ ।' वडाबाट सिफारिस भएका योजनाको अनुगमन तथा सुपरिवेक्षणको जिम्मा सम्बन्धित वडाध्यक्षलाई दिइएको छ। त्यस्तै गाउँसभाबाट विनियोजन भएका योजनाहरूको अनुगमन गर्न अध्यक्ष,उपाध्यक्ष तथा आवश्यकताअनुसार कार्यपालिका सदस्य समेत खट्ने गरेका छन । असारे विकासलाई नियन्त्रण गर्नेगरी योजना कार्यान्वयनलाई अहिलेदेखि प्राथमिकतामा राखेको वडा अध्यक्ष फडेराले बताए । उनका अनुसार, संचालन भएका योजनाहरुको अनुगमन जहिले पनि फितलो हुँदा, योजनाहरुमा अनियमिमता र गुणस्थरहिन कामहरु भएको जनस्थरवाट गुनासो खेप्न परेको थियो , अव यस्तो गुनासो कम आउने विश्वास लिएका छौं । नरहिनाथ गाउँपालिका विगतका दिनदेखि निकै दुर्गम अवस्थामा रहेको थियो। स्थानीय सरकार आएपछि विकासले फट्को मारेको छ । नरहरिनाथलाई कान्छो पालाँताको रुपमा नागरिकले लिने गरेको थिए । तर हाल सडक संजालदेखि हरेको विकासमा परिवर्तन आएको छ।

## पाईने छाड्यो बहुमूल्य ........................

संरक्षणका लागि त्रिवेणी पाटनलाई संरक्षित क्षेत्र बनाउने तयारी गरेको छ। गाउँपालिकाले वनमा हुने चोरी निकासी नियन्त्रण गर्न ६ जना वन चौकिदार नियुक्त गरी संरक्षणको अभियान थालेको गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले जानकारी दिए। उनले त्रिवेणी पाटनलाई धार्मिक तथा पर्यटकीय क्षेत्रका साथै संरक्षित क्षेत्रका रूपमा विकास गर्ने बताए।

## भाइरल ज्वरोले.....................

जिल्ला स्वास्थ्य कार्यालयबाट डाक्टर र ल्याबसहितको टोली माग गरेका छौं, त्यो टोली आएलगत्तै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुन्छ ।' स्वास्थ्य कार्यालय बाजुराका सूचना अधिकारी रामचन्द्र यादवले भने, 'हामीसँग डाक्टर नभएकाले जिल्ला अस्पतालसँग माग गरेका छौं, डाक्टरको व्यवस्था हुने बित्तिकै टोली प्रभावित क्षेत्रतर्फ हिँड्छ । पहिलो दिन गाउँपालिकाका स्वास्थ्यकर्मीले नै धान्छ भनेका थियौं तर गाउँका अधिकांश व्यक्ति बिरामी पर्दा त्यो जनशक्तिले भ्याएको छैन।' बिरामीको थप उपचारको व्यवस्था मिलाउन सम्बन्धित स्थानीय तहसँग समन्वय भइरहेको उनले जानकारी दिए । हिमाली गाउँपालिकाका प्रशासकीय अधिकृत जनकबहादुर शाहीले भने, 'हाम्रो गाउँपालिकामा भएका स्वास्थ्यकर्मी खटाएका छौं, काठमाडौंबाट औषधिसमेत आउँदै छ । हामीले सक्ने जति प्रयास गरेका छौं ।' चिसोका कारणले जिल्लाका अन्य ठाउँमा भाइरल ज्वरोका बिरामी बढिरहेका छन्। अन्य स्थानीय ठाउँमा पनि फाटफुट भाइरल रुघाखोकीका बिरामी भेटिएको स्वास्थ्यकर्मीले बताएका छन्। प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपाने प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मीले उपचार गरिरहेको जानकारी दिए। नेपालगन्जबाट औषधि ल्याएर प्रभावित क्षेत्रमा पठाइसकेको प्रजिअ न्यौपानेले बताए।

## झोलुङ्गे पुल......................

आन्तरिक पर्यटकहरु समेत जोखिममा परेका छन् । पुलको तारजाली च्यातिएकोले कुनै पनि समयमा फोटो खिच्ने ब्यक्ती समेत दुर्घटनामा पर्ने सम्भावना बढेको जानकारहरुले बताएका छन् । कर्णाली र तिलाकर्णालीको दोभानको मनमोहक दृष्य हेर्न आउने पर्यटकहरु पनि यो पुल जिर्ण भएको बताउने गरेका छन। नागरिकको सहजताका लागि निमार्ण गरिएको पुलको समयमा मर्मत र संरक्षण नहुँदा कमजोर बन्दै गएको छ । निर्माणपछि पुल मर्मत गरिएको छैन । गुणस्तरयुक्त काम नहुँदा पुल जीर्ण बदै गएको स्थानीयवासी बताउने गरेका छन् । झोलुङ्गे पुलभन्दा करिव १ किलोमिटर तल बन्न लागेको पक्कि मोटर हिड्ने पुल समयमा नै बन्न नसक्दा र नदिमा झर्ने बाटो विग्रिएपछी यो झोलुङ्गे पुल झनै जिर्ण बनेको हो ।

यही पुल हुदै दैनिक सयौ खच्चडहरुलाई पनी भारी बोकायर आवत जावत गराउने गर्दछ । जस्का कारण पुल दैनिकजसो जिर्ण बन्दै गएको छ। खच्चड हिड्नका लागी नदिमा अर्को बाटो नभएपछि यही पुलको प्रयोग गर्दै हिड्ने गरेको हो।

## यातायात सञ्चालन हुँदा..................

न्यौपानेले बताईन्। पलाँता बासिको देन र हिजोको सपोटले आज वडा न २ मा गाडी पुगेको र १७ हजार सहिदको रगतले आज पलाँता फेरबदल भएको उपाध्यक्ष न्यौपानेले बताईन् । सहिद परिवार जेष्ठ नागरिक घाइते अपाङ्ग र पलाँता बासिको लागि आफूले काम गर्ने गरेको उर्जा शाखा व्यावस्थापन समितिका अध्यक्ष जनराज बमले बताए। कृषि, पर्यटन, खानेपानी र उर्जा लगायतमा लगानी अभिवृद्धि गर्नुपर्ने उर्जा शाखा व्यावस्था समितिका अध्यक्ष बमले बताए । पलाँतामा विकासले पाईला चालेको छ। पलाँती वासिको पिडालाई बुझेर साझा पलाँता यातायात संचालन हुदाँ स्थानीय खुसी भएका छन् । पलाँतामा गाडि देख्दा हामी हर्सित अनि स्वर्गमा पुगे जस्तो भएको स्थानीय बासिले वताए । पलाँतामा अब शिक्षा, स्वास्थ्या, खानेपानी जस्था भौतिक पुर्वाधारमा सुधार ल्याउने गाउँपालीकाले जानकारी दिएको छ।

## वित्तिय साक्षरता कार्यक्रम................

गराईएको थियो। कार्यक्रममा वीरेन्द्रनगर क्षेत्रका ६५ भन्दा बढी साना तथा मझौला व्यापारीहरु सहभागी भएका थिए। देशभरि सबैक्षेत्र र वर्गको साना तथा मझौला व्यापारीहरुलाई प्रोत्साहन, सचेतना रसशक्तिकरण गर्ने उद्देश्यले आगामी दिनहरुमा पनि बैंकले यस किसिमका वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गर्दै जाने बताएको छ। बैंकले देशभर १८० वटा शाखा (३ एक्स्टेन्सन् काउन्टरसहित), १०१ शाखारहित बैंकिङ्ग सेवा, २०३ एटिएम र १,६०० भन्दा बढी पीओएस मेसिनमार्फत् उच्चस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ।

७० औँ राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा २०७६ साल फागुन ६,७ र ८ गते तीन दिन आ-आपनो कार्यालय र घरहरुमा दिपावली गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत